# मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

च.नं.: सुचना (१२५)
बामीटक्सार, गुल्मी
प.सं.:२०८१/८२
लुम्बिनीप्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

मिति:२०८१/११/२८

मुसिकोट नगरपालिकाको मिति २०८१/११/२७ गतेको निर्णयनुसार यस नगरपालिका क्षेत्रभित्रका अति गरिब परिवारहरु, सिमान्तकृत, अल्पसङ्ख्यक, दलित र अपाङ्गता भएका व्यक्तिको परिवारले जीवनस्तर सुधार्नको लागि शौचालय / घरमा अपाङ्गमैत्री संरचना निर्माण वा आवास सुधार गर्न अनुदान दिनको लागि गुणस्तरीय जीवनस्तरका लागि आवास सुधार सहयोग कार्यक्रम सञ्चालन गरिने भएकोले यस नगरपालिका क्षेत्रभित्र उपरोक्त अनुसारका घरधनीहरुले यस कार्यालयबाट आवेदन फाराम प्राप्त गरी आवश्यक विवरण भरी ३० (तिस) दिन भित्र यस कार्यालयमा बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै म्याद समाप्त भए पछि प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोध छ।

लाभग्राहीको पहिचान र छनौटको आधार :

१. नगरपालिका क्षेत्रमा बस्ने विपन्न समुदायका अति गरिब परिवारहरु, सिमान्तकृत, अल्पसङ्ख्यक, दलित र अपाङ्गता भएका व्यक्तिको परिवार
२. नगरपालिकाभित्र विगत २ (दुई) वर्ष देखि स्थायी बसोबास गर्दै आएको प्रमाण
३. लाभग्राही बसोबास गर्दै आएको छाप्रो वा टहरा खर पराल, स्याउला वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीबाट सजिलै प्रभावित हुन सक्ने अन्य सामग्रीबाट छाएको,
४. गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र, शौचालय निर्माण वा सुधार गर्न चाहेको विपन्न घरपरिवार
५. परिवार सदस्यमा "क" वर्गको अपाङ्गता वा पूर्णरुपले दृष्टिबिहिन रहेको घर परिवार।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

☎079-412145, E-mail: musikotmpgulmi@gmail.com, Web-site: www.musikotmungulmi.gov.np

## लाभग्राहीले दिने निवेदनको नमुना

मिति:

श्री संयोजकज्यू,

सिफारिस समिति,

मुसिकोट नगरपालिका, वामीटक्सार, गुल्मी ।

विषयः आवास क्षेत्र तथा शौचालय सुधार सहयोग कार्यक्रममा समावेश गरीदिने सम्बन्धमा ।

उपर्युक्त विषयमा गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र तथा शौचालय सुधार सहयोग कार्यक्रम अन्तर्गत ताँहा कार्यालयको मिति.................. मा प्रकाशित सूचना अनुसार लक्षित वर्ग एवं लाभग्राही छनौटका आधारहरु भित्र मेरो घरपरिवार पनि पर्ने भएकोले मेरो घरको स्थलगत निरिक्षण गरी मेरो घरपरिवारलाई सुरक्षित आवास / स्नानगृह / भान्साघर / शौचालय/ घरमा अपाङ्गमैत्री संरचना निर्माण / सुधारको लागि आवश्यक व्यवस्था मिलाइदिनु हुनको लागि तपसिलका कागजातहरू यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु। मैले पेश गरेको प्रमाणहरू सही छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझौला ।

तपसिल:

| क्र.स. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १. | नागरिकता प्रमाणपत्रको प्रतिलिपि | |
| २. | लाभग्राही बसोबास गर्दै आएको घर/छाप्रो छाना पराल/खर/स्याउला आदि आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्रीबाट छाएको पुष्टि हुने प्रमाणित कागजात। | |
| ३. | गरीबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरीरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि। | |
| ४. | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा या अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि। | |
| ५. | विगत २ वर्ष देखी त्यस स्थानमा स्थायी बसोवास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि। | |
| ६. | प्रकोपका कारण घरवारविहीन भएको हकमा वडा कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि | |
| ७. | सिमान्तकृत, अल्पसङ्ख्यक र दलित प्रमाणित सम्बन्धि सम्बन्धित निकायको सिफारिस (त्यस्तो परिवार भएको हकमा मात्र) | |
| ८. | अपाङ्ग परिचय पत्र (परिवार सदस्य मध्ये कुनै सदस्य क वर्गको वा पूर्ण दृष्टिबिहिन अपाङ्ग भएमा) | |

निवेदकको :

दस्तखत:...................................

नाम थर:...................................

बाबु पति पत्नीको नाम:..............................

बाजे/ससुराको नाम:................................

सम्पर्क मोबाईल नम्बर:...............................

टोलबस्तिको नाम:....................................

| निवेदकको औंठा छाप | |
|---|---|
| दायाँ | बाँया |
| | |